कलैया उपमहानगरपालिका

नगर कार्यपालिकाको बैठक नं.०३/०८१/८२

आज मिति २०८१।०६।१६ गते बुधवार दिउँसो १:०० बजे कलैया उपमहानगरपालिका नगर प्रमुख श्री बिनोद प्रसाद साह ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नं.०३/०८१/८२ (तेश्रो बैठक) मा निम्नानुसारको पदाधिकारीहरुको उपस्थितिमा बैठक बसियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | बिनोद प्रसाद साह | नगर प्रमुख | | |
| २. | रौशन परविन | नगर उपप्रमुख | | |
| ३. | मोहन बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ | | |
| ४. | राजेश कुमार महतो | वडा अध्यक्ष, वडा नं.२ | | |
| ५. | मोहन साह कानु | वडा अध्यक्ष, वडा नं.३ | | |
| ६. | रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.४ | | |
| ७. | किशुन राउत अहिर | वडा अध्यक्ष, वडा नं.५ | | |
| ८. | रामविश्वास ठाकुर लोहार | वडा अध्यक्ष, वडा नं.६ | | |
| ९. | सैफुल्लाह मिया अंसारी | वडा अध्यक्ष, वडा नं.७ | | |
| १०. | रंजित चौरसिया | वडा अध्यक्ष, वडा नं.८ | | |
| ११. | पुरुषेत्तम सिं पाण्डे | वडा अध्यक्ष, वडा नं.९ | | |
| १२. | महम्मद सबिर | वडा अध्यक्ष, वडा नं.१० | | |
| १३ | अजय कुमार कुशवाहा | वडा अध्यक्ष, वडा नं.११ | | |
| १४. | ललबाबु महतो | वडा अध्यक्ष, वडा नं.१२ | | |
| १५. | राजेश महथा खत्री | वडा अध्यक्ष, वडा नं.१३ | | |
| १६. | सुरेन्द्र प्रसाद जैसवाल | वडा अध्यक्ष, वडा नं.१४ | | |
| १७. | भोरिक प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.१५ | | |
| १८. | शेषनाथ साह तेली | वडा अध्यक्ष, वडा नं.१६ | | |
| १९. | दिपेन्द्र महतो | वडा अध्यक्ष, वडा नं.१७ | | |
| २०. | धुरुप राउत अहिर | वडा अध्यक्ष, वडा नं.१८ | | |
| २१. | हरिन्द्र राउत कुर्मी | वडा अध्यक्ष, वडा नं.१९ | | |
| २२. | मो.आलम पावरिया | वडा अध्यक्ष, वडा नं.२० | | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २३. | शिवबिहारी चौधरी | वडा अध्यक्ष, वडा नं.२१ | | |
| २४. | शिवचन्द्र कामी | वडा अध्यक्ष, वडा नं.२२ | | |
| २५. | अमिन अंसारी | वडा अध्यक्ष, वडा नं.२३ | | |
| २६. | हिरालाल चौधरी | वडा अध्यक्ष, वडा नं.२४ | | |
| २७. | चन्दन पटेल | वडा अध्यक्ष, वडा नं.२५ | | |
| २८. | धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.२६ | | |
| २९. | अशोक कुमार तिवारी | वडा अध्यक्ष, वडा नं.२७ | | |
| ३०. | चम्पा देवी | कार्यपालिका सदस्य | | |
| ३१. | कल्पना अधिकारी नेपाल | कार्यपालिका सदस्य | | |
| ३२. | ललिता देवी | कार्यपालिका सदस्य | | |
| ३३. | कान्ती कुमारी | कार्यपालिका सदस्य | | |
| ३४. | लिलावती कुमार लोहार | कार्यपालिका सदस्य | | |
| ३५. | उदित कुमार साह कानु | कार्यपालिका सदस्य | | |
| ३६. | रामेश्वर सिंह (राजेश्वर) | कार्यपालिका सदस्य | | |
| ३७. | नाथु साह | प्रमुख प्रशासकीय अधिकृत | | |

बैठकमा सहयोग गर्ने कर्मचारीहरुको उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | शैलेश कुमार महतो | प्रशासन प्रमुख | | |
| २. | प्रेम कुशवाहा | का.स. | | |
| ३. | पुजा साहु | सहायक, चौथो | | |

**कलैया उपमहानगरपालिका**

**नगर कार्यपालिकाको बैठक नं.०३/०८१/८२ मिति २०८१।०६।१६ गतेको एजेण्डा तथा निर्णयहरु**

**छलफल गरिने विषयहरु र निर्णयहरु (Agendas and Decisions)**

**१. सडक बत्तीकोलागि आवश्यक समाग्री सोझै खरिद गर्ने सम्बन्धमा ।**

**निर्णय :** सडक बत्ती आपुर्तीको लागि यस उपमहानगरपालिकाबाट विद्युतियकरण कार्यको टेन्डर भएको तर विद्युतिकरण सामाग्रीको आपुर्तीमा ढिला हुने देखिएको र वडा दशै, दिपावली तथा छठ पर्व नजिकिदै गरेकोले सडक बत्तीको लागि आवश्यक सामाग्री सोझै खरिद गर्ने निर्णय गरियो ।

**२. आफै पसल कवल निर्माण गर्ने कोठे घुम्ती वालाहरुको मासिक भाडा सम्बन्धमा ।**

**निर्णय :** कलैया उपमहानगरपालिका वडा नं.१ हाट बजार भित्र रहेको पसल कबलहरु (कोठे गुम्टी) व्यापारीहरुले पंचायतकाल देखिनै पसल राखि संचालन गर्दै आएकोमा सो पसल कवलहरुको भाडा बुझाउदै गरेको तथा कमशः विभिन्न मितिमा यस नगरपालिकाले कोठे गुम्टीहरु हटाई पक्की भवन निर्माण गरी सोही पसल कवल वालाहरुलाई सो पसल कवल /सटर दिएको रेकर्डबाट देखिन्छ। साथै नगरपालिकाले समय समयमा भाडा वृद्धि गरेको पनि देखिन्छ। बजारको मुख्य गेटमा ६ वटा लगत रहेको काठे गुम्टी रहेकोले सो गुम्मटीहरुले गर्दा बजारको सौन्दर्य नराम्रो देखिनुको साथै बजारको बाटो अवरोध भई आवत-जावतमा समस्या देखिएको र त्यस बेला नगरपालिका सँग पक्की सटर निर्माणको लागि प्रयाप्त बजेट नरहेकोले सरोकारवालाहरुलाई बोलाई आफ्नै लगानीमा आ-आफ्नो सटर निर्माण गर्न नगर प्रमुख ज्यूबाट मौखिक आदेश दिए अनुसार सबै सटरवाला सहमत भई सटर निर्माण गरेकाले नगरपालिकाले बनाएको सटरको भाडा दर रु.३५००/- मासिक कायम रहेको र निज आफै पसल कवल निर्माण गर्ने कोठे घुम्ती वालाहरुको मासिक भाडा रु.१५००/- का दरले आजको मितिले १० बर्ष सम्म कायम गर्ने निर्णय गरियो । साथै सो अवधि पश्चात अन्य पसल कवल सरह मासिक मासिक भाडांदर कायम हुने निर्णय गरियो ।

**३. अधिकृत स्तर सातौं तहमा कर्मचारी स्तरवृद्धि सम्बन्धमा ।**

**निर्णय :** यस कलैया उपमहानगरपालिका कार्यपालिकाको कार्यालयमा कार्यरत तपसिलका अधिकृत स्तर छैठौं तहका कर्मचारीहरुलाई मधेश प्रदेश, स्थानिय सेवा (गठन तर्था संचालन) ऐन, २०८१ को दफा ४ को उपदफा (६) मा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानिय सेवाको गठन, संचालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८१ अनुसार तपसिलमा उल्लेख सेवा, पद, समुह, हुने गरी अधिकृत स्तर सातौं तहमा स्तरवृद्धि गर्ने निर्णय गरियो ।

**तपसिल :**

| | | |
|---|---|---|
| १ | **माधव प्रसाद यादव** | |
| | हाल कार्यरत पदको विवरण | स्तरवृद्धि भएको पदको विवरण |
| | सेवा – इन्जिनियरिंग<br>समुह/उपसमूह – सिभिल<br>पद – इन्जिनियर<br>तह - अधिकृतस्तर छैठौं<br>नियुक्ति मिति -२०६७/०९/०१ | सेवा – इन्जिनियरिंग<br>समुह/उपसमूह – सिभिल<br>पद – इन्जिनियर<br>तह – अधिकृतस्तर सातौं<br>जेष्ठता कायम हुने मिति – २०६७/०९/०१ |
| | हाल कार्यरत पदको विवरण | स्तरवृद्धि भएको पदको विवरण |

| २ | किशोर यादव | |
|---|---|---|
| | हाल कार्यरत पदको विवरण | स्तरवृद्धि भएको पदको विवरण |
| | सेवा – इन्जिनियरिंग<br>समुह/उपसमूह – सिभिल<br>पद – इन्जिनियर<br>तह - अधिकृतस्तर छैठौं<br>नियुक्ति मिति-२०७१/१२/०९ | सेवा – इन्जिनियरिंग<br>समुह/उपसमूह – सिभिल<br>पद – इन्जिनियर<br>तह – अधिकृतस्तर सातौ<br>जेष्ठता कायम हुने मिति- २०७१/१२/०९ |

**४. अधिकृत स्तर सातौं तहमा तह मिलान सम्बन्धमा ।**

**निर्णय :** यस कलैया उपमहानगरपालिका कार्यपालिकाको कार्यालयमा लोक सेवा आयोगको केन्द्रिय कार्यालय काठमाडौंको पत्र संख्या अ.सी ९(५)/०७६/-७७ च.न. ७० ,मिति २०७६/१०/१५ गतेको सिफारिस तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार ,काठमाडौंको पत्र संख्या स्था.त.क.प्र./सिफारिस /०७६/७७/, च.नं. १७८/०७६/७६ शिक्षा सेवा ,शिक्षा प्रशासन समुह ,छैठौं तह ,अधिकृत पदमा मिति २०७६/१०/१७ गते नियुक्ति भई कार्यरत रहनु भएका (श्री विजय अधिकारी, क.स.न. २३९६४१) लाई मधेश प्रदेश सरकारको "स्थानीय सेवा (गठन तथा संचालन ) ऐन २०८१ को दफा ८ को उपदफा २२ बमोजिम स्थानीय सेवाको गठन ,संचालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८१ अनुसार तपसिलमा उल्लेखित सेवा ,पद, समुह ,तह हुने गरी तह मिलान गर्ने निर्णय गरियो ।

तपसिल

| हाल कार्यरत पदको विवरण | तह कायम भएको पदको विवरण |
|---|---|
| सेवा - नेपाल शिक्षा सेवा<br>समुह/उपसमूह - शिक्षा प्रशासन<br>पद - अधिकृत<br>तह - अधिकृतस्तर छैठौं<br>सुरु नियुक्ति मिति- २०७६/१०/१७ | सेवा - स्थानीय शिक्षा सेवा<br>समुह/उपसमूह - शिक्षा प्रशासन<br>पद - अधिकृत<br>तह - अधिकृतस्तर सातौ<br>जेष्ठता कायम हुने मिति - २०७६/१०/१७ |

**५. विभागीय कार्यवाही सम्वन्धमा ।**

**निर्णय :** तपसिल वमोजिमको कर्मचारीलाई तपसिल बमोजिमको कारणले तपसिल बमोजिम विभागीय कारवाही गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | कर्मचारीको नाम, थर | कारवाहीको कारण | कारवाही | कैफियत |
|---|---|---|---|---|
| १. | रामजी मण्डल | पटक-पटक गल्ती कमी कमजोरी गरेको, आफु भन्दा माथिल्लो कर्मचारीको आदेश | खाईपाई आएको १ ग्रेड घटुवा गर्ने | नेपाल निजामति सेवा ऐन २०४९ |

| | | | | |
|---|---|---|---|---|
| | | पालना नगरेको, कार्यालयको OC पत्रको पछाडी प्रत्तिउत्तर लेखि कार्यलयको अवहेलना गरेको । | | को दफा ६० (ग) र (ङ) बमोजिम |
| २ | हरदेव प्र.साह कानु | पटक-पटक गल्ती कमी कमजोरी गरेको, सेवाग्राहीसँग राजस्व रसिद भन्दा बढी पैसा लिई राजस्व हिनामिना गरेका । | खाईपाई आएको १ ग्रेड घटुवा गर्ने | नेपाल निजामति सेवा ऐन २०४९ को दफा ६० (ग) बमोजिम |
| ३. | राजिव पाण्डेय | पटक-पटक गल्ती कमी कमजोरी गरेको, सामाजिक संजालमा जनप्रतिनिधि लुटेरा भनी घृण द्वेष फैलाउने गरी अमर्यादित कार्य गरेको, तथा स्पस्टिकरणको जवाफ तथ्यसंग मेल नखाने र कुनै गम्भिरता नभई पेश गरेको । | खाईपाई आएको २ ग्रेड घटुवा गर्ने | विधुतिय (इलेक्ट्रोनिक) कारोवार ऐन २०६३ को दफा ४७ को (१) बमोजिमको कसुर नेपाल निजामति सेवा ऐन २०४९ को दफा ६० (ग) बमोजिम |

**६. ज्यालादारी र करारमा कार्यरत कर्मचारीहरुलाई अनुमोदन सम्बन्धमा ।**

**निर्णय :** यस उपमहानगरपालिकाको करारमा प्राविधिक तथा अन्य कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ अनुसार करार तथा ज्यालादारीमा खटाईएको र हालै मधेश प्रदेश सभाबाट स्वीकृत भई जारी भएको स्थानिय सेवा (गठन तथा संचालन) ऐन, २०८१ सँग प्रावधान बाझिन गएको र प्रदेश कानुन अनुसार तत्काल प्रक्रिया बढाउने प्ररिस्थिति नभएको र नागरिकलाई सेवा प्रवाहमा असहजता हुने भएकोले यस उपमहानगरपालिकाको करारमा प्राविधिक तथा अन्य कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ बमोजिम खटाइएका कर्मचारीहरुलाई निरन्तरता दिने निर्णय गरियो ।

**७. अपुग रकम माँग गर्ने सम्बन्धमा ।**

**निर्णय :** राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभाग (सामाजिक सुरक्षा शाखा) को पत्र सं.२०८१।०८२ च.नं.४७ मिति २०८१।०५।१४ गतेको पत्रानुसार आ.ब.२०८०।०८१ मा भुक्तानी हुन ढिलो, रिजेक्ट भएका तथा प्राविधिक कारणले नविकरण गर्न छुटेका लाभग्राहिहरुको सामाजिक सुरक्षा भत्ता पुनः राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागमा लाभग्राही संख्या ४६२ अपुग रकम रु.२३१९७०५।- माँग गर्ने निर्णय गरियो ।

**८. झण्डा तोलन गरी सलामी दिने सम्बन्धमा ।**

**निर्णय :** राष्ट्रिय एकता र प्रतिष्ठाको प्रवर्द्धन गर्नको निमित्त बारा जिल्ला, कलैया उपमहानगरपालिका वडा नं.१ कलैया बजार स्थित भरत चोकमा नेपालको झण्डा तथा मोनेग्राम निर्माण गरी (रि-भ्याली र रि-ट्रट) समयमा झण्डा तोलन गरी सलामी दिने कार्यको थालनी गर्ने सम्बन्धमा नेपाली सेना ज्वालादल गण, व्रहमपुरी व्यारेक बारा बाट प्राप्त प.सं.१११५६७/कार्य/१२/०८१/८२/२९ मिति २०८१/०६/१६ गतेको पत्रमा प्रस्तावित योजना अनुसार नै कार्यगर्न सहमति दिने निर्णय गरियो ।

**९. वालविकास सहजकर्तालाई निरन्तरता दिने सम्बन्धमा ।**

**निर्णय :** कलैया वडा नं.१९ श्री नेपाल राष्ट्रिय आ.वि.विधालय पचायनपुर -४ मा संचालनमा रहेको वालविकासमा कार्यरत वालविकास सहजकर्ता श्री सृजना कुमारी पटेललाई चालु आ.व.२०८१/०८२ मा समेत निरन्तर्ता दिने र निजलाई नगर स्तरीय बजेटबाट अन्य वालविकास सहजकर्ता सरह मासिक रु.१७०००/-को दरले १२ महिना, पर्व खर्च र पोषक भत्ता रु. १०,०००/-. विधालायमा निकासा दिने निर्णय गरियो ।

**१०. वडा नं.७ को दुर्गा पुजा सम्बन्धमा ।**

**निर्णय :** कलैया उपमहानगरपालिका वडा नं.७ श्री दुर्गा मन्दिर धर्मशाला संचालक समितिलाई दुर्गा पुजा तथा छठ पर्वका लागि रु.१,५०,०००।- अक्षरेपी एक लाख पचास हजार मात्र आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**११. वडा नं.१५ को नाला र ढलानको भुक्तानी सम्बन्धमा ।**

**निर्णय :** यस कलैया उपमहानगरपालिका अन्तर्गत आ.ब.२०७६/०७७ मा वडा नं.१५ को बकुलहर टोलमा सडक ढलान तथा नाला निर्माण कार्य योजनाको लागि प्रदेश स्तरीय योजनामा रु.८०,००,०००।- रकम विनियोजन भई रु.८२,१०,२७१.६८।- को लागत इस्टीमेट भई उपभोक्ता समिति र यस कार्यलय वीच मिति २०७७/०२/११ मा सम्झौता भएकोमा सो योजनाको हाल सम्म गो.भौचर नं.४६७, ४९४ र ६०५ बाट कुल रकम रु.६०,०७,८४१.५१।- रनिङ्ग बिल भुक्तानी भईसंकेकोमा उक्त योजनामा मुद्धा परी अदालती प्रकृयाको तामेलीमा गई म्याद भित्र अन्तिम भुक्तानी हुन नसकेको हुदाँ उच्च अदालत जनकपुर अस्थायी इजलास बिरगंजबाट मिति २०८१।०१।१२ मा अन्तिम फैसला (च.नं.०८०-९४-००६५३४) भईसकेको हुदाँ सो योजनाको भुक्तानीको लागि भ्याद थप गर्दै प्राविधिक मूलयांकन गरी सडक ढलान तथा नाला निर्माण उपभोक्ता समितिको नाममा प्राविधिक मूल्यांकन अनुसार बाँकी रकम भुक्तानी दिने निर्णय गरियो ।

**१२. वडा नं.४ को दुर्गा पुजा सम्बन्धमा ।**

**निर्णय :** कलैया उपमहानगरपालिका वडा नं.४, श्री माई ब्रहम व्यवस्थापन समितिलाई दुर्गा पुजा व्यवस्थापनका लागि रु.५१,०००।- अक्षरेपी एकाउन्न हजार मात्र आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**१३. वडा नं.२५ को भन्डारामा भएको खर्च उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय :** वडा नं.२५ अन्तर्गत सिसहनिया सुकलैया पोखरी बौधिमाई मन्दिरको भाद्र महिनामा पुजा पाठ हवन तथा प्रसाद ग्रहणका लागि भण्डारा संचालन गर्न भएको खर्च मध्ये रु.३०,०००।- अक्षरेपी तिस हजार मात्र कार्यपालिका सदस्य लिलावती कुमारी लोहारलाई उपलब्ध गराउने निर्णय गरियो ।

**१४. वडा नं.१ को दुर्गा पुजा सम्बन्धमा ।**

**निर्णय :** कलैया उपमहानगरपालिका वडा नं.१, श्री दुर्गा पुजा व्यवस्थापन समिति लाई दुर्गा पुजाका व्यवस्थापनका लागि रु.१,००,०००।- अक्षरेपी एक लाख मात्र उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

**१५. सटर टेण्डर गर्ने सम्बन्धमा ।**

**निर्णय :** यस उपमहानगरपालिकाको वडा नं.१ को हाट बजारमा (दही बजार देखी पुर्व मेन रोड सम्म) निर्माण भइरहेको पक्की सटरको ठाउँमा पहिले देखीनै बस्दै आएका लगत भएका व्यापारीको सँख्या यकिन गरी बाकी सटर टेन्डर गर्न अगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**१६. विधालयमा कार्यरत अन्य कर्मचारीहरुको स्थानिय तहबाट हुने थप रकम सम्बन्धमा ।**

**निर्णय :** विगतको आ.व.हरु देखी नै यस उपमहानगरपालिका अन्तर्गतका विधालयहरु र सिकाई केन्द्रहरुमा कार्यरत बालविकास सहजकर्ता, विधालय कर्मचारी, परिचालक र आयाको लागि देहाय अनुसारको रकम थप गरि आ.व. २०८१/०८२ मा समेत निरन्तता दिने निर्णय गरियो ।

| क्र.सं. | पद | थप रकम | कैफियत |
|---|---|---|---|
| १ | बालविकास सहजकर्ता | मासिक ७००० | १३ महिनाको |
| २ | विधालय सहायक | मासिक ४५०० | १३ महिनाको |
| ३ | विधालय सहयोगी | मासिक ७००० | १३ महिनाको |
| ४ | परिचालक | मासिक ७००० र पोशाक भत्ता १०००० | १३ महिनाको र पोशाक भत्ता समेत |
| ५ | आया | मासिक २००० र पोशाक भत्ता १०००० | १३ महिनाको र पोशाक भत्ता समेत |

**१७. आर्थिक सहायता सम्बन्धमा ।**

**निर्णय :** तपसिल बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल :**

१. वडा नं.८ बस्ने शोभा देवी गोढिनीको आर्थिक अवस्था कमजोर रहेको र निजको श्रीमान संतोष साह गोढलाई मुटुको नशा च्यापिएकोले उपचारका लागि रु.१५,०००।- अक्षरेपी पन्द्र हजार मात्र उपलब्ध गराउने ।

२. वडा नं.१७, सुराही बस्ने सहनाज खातुनको आर्थिक अवस्था कमजोर रहेको र निजको श्रीमान इस्लाम मियाको उपचारको लागि रु.२५,०००।- उपलब्ध गराउने ।

३. महिला शान्ति समूह कलैया, बारालाई महिला हिंसा विरुद्ध जनचेतना गराउन तथा हरितालिका तिज पर्वकालागि रु.५०,०००।- अक्षरेपी पचास हजार मात्र उपलब्ध गराउने ।

४. नेपाल कम्युनिस्ट पार्टी (बहुमत) लाई रु.१०,०००।- अक्षरेपी दस हजार मात्र उपलब्ध गराउने ।

५. कलैया उपमहानगरपालिका वडा नं.६ बस्ने समस्त भगत मालीको श्रीमती राधीका देवी मालीनलाई सर्पले टोकी उपचार गराउनका लागि रु.१५,०००।- अक्षरेपी पन्द्र हजार मात्र उपलब्ध गराउने ।

**१८. श्री तपी मा.वि. चार कोठे भवनको म्याद थप सम्बन्धमा ।**

**निर्णय :** कलैया उपमहानगरपालिका वडा नं.२१, श्री तपी मा.वि. भोहडा बारालाई आ.ब.२०७९/०८० मा प्राप्त भएको राष्ट्रपति कार्यक्रम अन्तर्गतका चारकेठे भवनको निर्माण कार्य थप म्याद सहित समयमा सम्पन्न भइसकेको र रङ्गरोगन कार्य मात्र थोरै बाकी रहन गएकोले उक्त रङ्गरोगन कार्य सम्पन्न गर्न २०८१ असोज मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**१९. प्रशासकीय भवन निर्माणको लागि पेश्की उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय** : मिति २०७९/०२/३१ गतेको यस कलैया उपमहानगरपालिका र चौधरी कन्सट्रक्सन विच भएको सम्झौता बमोजिम यस उपमहानगरपालिकाबाट १०% (भ्याट बाहेक रकमको) पेश्की लिई भुक्तानीको क्रममा फछ्यौट समेत भईसकेको र हाल निज निर्माण व्यवसाईलाइ पेश्की कट्टाभई कामकाज गर्न धेरै अपठ्यारो भएको भनी नगर प्रमुख ज्यु र प्रमुख प्रशासकीय अधिकृतलाई पटक-पटक अनुरोध गरेकोले हाललाई निजलाई पुनः रु.२५,००,०००।- अक्षरेपी पचिस लाख मात्र पेश्की दिने निर्णय गरियो ।

**२०. स्यानेटरी प्याडको भुक्तानी सम्बन्धमा ।**

**निर्णय** : कलैया उपमहानगरपालिकाको प्रथम पटक प्रकाशित मिति २०८१।०२।०४ गतेको Supply and Delivery of Sanitary Pad and Sanitary Napkin Incineration Machine ठेक्का नं. KSMC/NCB/GOODS/STORE-04-080/81 को E-bid सुचना अनुसार प्याड आपुर्ति गर्न Angel touch Hygiene Manufacturing Pvt.Ltd Mahila Ghar Bhaisepati को बोलपत्र छनौट भएको र मुल्यांकन समितिले मिति २०८१/०३/१८ गते प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरेको प्रतिवेदनमा बोलपत्रदाताको ल.ई. बमोजिमको Specification अनुसार पेश भएका Goods को Sample test गराई Norms अनुसार Test Report आएमा मात्र भुक्तानी गर्न सुभाव सहित प्रतिवेदन पेश भएको उक्त बोलपत्रदाताले उपलब्ध गराएको स्यानेटरी प्याडको च.नं. न.व्य.ई ४१० मिति २०८१/०५/१६ गतेको NS Report र स्वास्थ्य शाखा प्रमुखबाट प्राप्त रिपोर्ट अनुसार स्यानेटरी प्याडको भुक्तानी गर्ने निर्णय गरियो ।

**२१. आ.व.२०८१/०८२ को सिभिल दररेट सम्बन्धमा ।**

**निर्णय** : आ.व.२०८१/८२ मा यस कलैया उपमहानगरपालिकाको पुर्वधार निर्माण कार्यको लागि दररेट विश्लेक्षण बनाउने क्रममा भवन निर्माण कार्यको लागि यस बारा जिल्लाको जिल्ला दररेट विश्लेक्षण, त्यसैगरी ( ख) सडक र नाला (पुर्वधार निर्माण) निर्माण कार्यको लागि यस बारा जिल्लाको जिल्ला दररेट र DOR norms for Road & Bridges लाई प्रयोग गरि पुर्वधार निर्माण सम्बन्धी विस्तृत दररेट विश्लेक्षण, यसै कार्यालयको प्राविधिक शाखाबाट तयार भई पेश हुन आएको दररेटलाई स्वीकृत गर्ने साथै यस पुर्व तयार भएको लागत ईस्टिमेटहरुलाई पनि समर्थन गर्ने निंर्णय गरियो ।

**२२. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट योजना स्वीकृत गर्ने सम्बन्धमा ।**

**निर्णय** : वडा नं.३ को तपसिलको योजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रमबाट पारिश्रमीक भुक्तानी हुनेगरि आ.व.२०८१/०८२ का लागि योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल :**

| क्र.सं. | वडा नं. | योजना तथा कार्यक्रमको नाम |
|---|---|---|
| १ | ३ | हरिबाबुको मिल निर पिच रोड देखि उत्तर भवानिपुर जाने मस्जिदसम्म कृषि सडक निर्माण गर्ने । |

CamScanner

| | | |
|---|---|---|
| | | भवानिपुर जुबेर मियाको घर देखि उत्तर धर्मशाला निर पिच रोड सम्म कृषि सडक निर्माण गर्ने । |
| | | गंगापुर जादोलाल साहको घर पश्चिम बोरिङ्ग सम्म कृषि सडक निर्माण गर्ने । |
| | | धुरुप साहको खेत देखि पुर्व ब्रहमवावाको स्थान सम्म कृषि सडक निर्माण गर्ने । |
| | | खौराहा हुलाक देखि उत्तर असर्फि साहको घर सम्म कृषि सडक निर्माण गर्ने । |
| | | भवानिपुर जुबेर मियाको घर देखि उत्तर मोजाहिर मियाको घर हुदै पिच रोड सम्म कृषि बाटो निर्माण गर्ने । |
| | | गंगापुर ब्रहम स्थान देखि उत्तर पिच रोड सम्म कृषि बाटो निर्माण गर्ने । |
| | | जिउत रामको घर देखि मिश्री रामको घर सम्म माटो ग्रेभल |
| | | भवानिपुर बसिर मियाको घर देखि भोला मियाको घर सम्म र बसिर मियाको घर देखि सोहेल साहको घर सम्म नाला निर्माण तथा बाटो ढलान । |
| | | भोला राउत कुर्मिको घर देखि वाले राउत कुर्मिको घर सम्म नाला निर्माण । |

**२३. ठेक्का नं.९/०७८/०७९ को योजनाको म्याद थप गर्ने सम्बन्धमा ।**

**निर्णय** : यस उपमहानगरपालिकाको ठेक्का नं.९/०७८/०७९ वडा नं.३ को स्वास्थ्य चौकी निर्माण कार्य सुमन निर्माण सेवाले गर्दै आएको र विभिन्न कारणबस उक्त निर्माण कार्य समयमा सम्पन्न हुन नसकेकोले निर्माण कार्य सम्पन्न गर्न मंसिर मसान्तसम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

**२४. वडा नं.१३ को वडा कार्यालयका भवन निर्माणको लागि सहमति दिने सम्बन्धमा ।**

**निर्णय** : कलैया उपमहानगरपालिका वडा नं.१३ मा जिर्ण अवस्थामा रहेको साविक गा.वि.स.भवन वाटोमा रहेकोले सो पुरानो भवन भत्काई ३५ फिट बाटो छुट्याई बाँकी जग्गामा नयाँ वडा कार्यालय भवन निर्माण गर्नका लागि सहमति दिने निर्णय गरियो ।

CamScanner